TRIBHUVAN UNIVERSITY

CENTRAL DEPARTMENT OF NEPALESE, HISTORY, CULTURE AND ARCHAEOLOGY

# BULLETIN

त्रिभुवन विश्वविद्यालय

नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग

# बुलेटिन

(त्रैमाशिक, पाँचौं अङ्क, मार्ग-माघ २०८०)

## उत्खनन्सम्बन्धी क्षेत्रगत तालिम सम्पन्न

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर तह दोस्रो सेमेस्टरको पुरातात्विक अन्वेषण र उत्खनन्सम्बन्धी क्षेत्रगत तालिम तथा परीक्षा कपिलवस्तु दरबार क्षेत्रमा सम्पन्न भएको छ । यस वर्ष सदाफैं यस विभागका विद्यार्थी तथा शिक्षकले पुष २४ गतेदेखि माघ १५ गतेसम्म अन्वेषण र उत्खनन् कार्यमा सहभागी भई व्यहारिक ज्ञान प्राप्त गरेका छन् । उक्त कार्यमा विद्यार्थीहरुले बेलायतको दुराम विश्वविद्यालय, नेपाल पुरातत्व विभाग, युनेस्को, लुम्बिनी विकास कोष, लुम्बिनी विश्वविद्यालय र भारतको वरोडा विश्वविद्यालयका विद्यार्थी तथा प्राध्यापकहरुका साथमा अन्वेषण र उत्खनन् कार्यमा भाग लिएर एक आपसमा सिक्ने र सिकाउने कार्य भएको छ । पुरातात्विक अन्वेषण र उत्खनन् कार्य कपिलवस्तु दरबार क्षेत्रमा र दरबारको पूर्वी भागमा केन्द्रित थियो ।





## सम्पदासम्बन्धी अन्तरकृया कार्यक्रम

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागले गत २०८० साल पुष १३ गतेका दिन चन्द्रागिरि नगरपालिकासँगको सहकार्यमा चन्द्रागिरी हिल्समा सम्पदासम्बन्धी अन्तरकृया कार्यक्रम सम्पन्न गरेको छ । विश्वविद्यालय स्थानीय निकाय समन्वय कार्यक्रम अन्तर्गत भएको उक्त कार्यक्रममा विभागका परिष्ठ प्राध्यापकहरुले चन्द्रागिरि भेगका सम्पदा, पर्यटन, पुरातत्व र संग्रहालयका बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । एमए दोस्रो सेमेस्टरदेखि पिएचडी तेस्रो सेमेस्टरसम्मका विद्यार्थी तथा विभागमा हाल कार्यरत र निवृत्त प्राध्यापक र कर्मचारीहरुका साथमा चन्द्रागिरि नगरपालिकाका पदाधिकारी तथा स्थानीय सरोकारवालाहरु समेतको उपस्थितिमा उक्त कार्यक्रम सम्पन भएको हो । कार्यक्रममा विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडाले कार्यक्रमको औचित्य र आवश्यकता बारे प्रकाश पार्दै संस्कृति विभागले सालिन्दा यस भेगका सम्पदाका बारेमा शोधपत्र लेखाउने र अनुसन्धान गर्ने भए पनि तिनीहरु विभागमा प्राज्ञिक कार्यमा मात्र प्रयोग हुने बताउनु भयो । चन्द्रगिरि नगरपालिकाका नगरप्रमुख श्री घनश्याम गिरीले नगरपालिका त्रिवि संस्कृति विभागसँग सम्पदाको क्षेत्रमा अध्ययन तथा अनुसन्धानको क्षेत्रमा काम गर्न तयार रहेको बताउन भयो । कार्यक्रममा विभागका वरिष्ठप्राध्यापक र कर्मचारीहरुलाई सम्मानसमेत गरिएको थियो । चन्द्रागिरि नपाका मेयरले अध्यक्षता गरेको यस कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ प्राध्यापक डा. प्रेमकुमार खत्री हुनुहुथ्यो ।



TRIBHUVAN UNIVERSITY
CENTRAL DEPARTMENT OF NEPALESE, HISTORY, CULTURE AND ARCHAEOLOGY
BULLETIN
(त्रैमाशिक, पाँचौं अङ्क, मार्ग-माघ २०८०)

## संस्कृति विषयमा स्वदेशी र विदेशी विद्यार्थीको बढ्दो अभिरुची

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व अध्ययनका लागि स्वदेशीमात्र नभएर विदेशी विद्यार्थीहरुले समेत चासो राख्ने गरेका छन् र यस वर्ष यस विभागको स्नातकोत्तर तहमा विदेशी विद्यार्थीसमेत भर्ना भएका छन् । विश्वविद्यालयहरुमा विद्यार्थीको संख्या घट्तै गएको वर्तमान अवस्थामा पनि यस विभागमा विद्यार्थी भर्ना तोकिएको कोटाभन्दा धेरै भएको छ । यस वर्ष स्नातकोत्तर तहमा नयाँ भर्ना भएका विद्यार्थीहरुको अभिमुखिकरण कार्यक्रम यही माघ २६ गते भई नियमित पढाई यही फागुन ३ गतेबाट सुरु भएको छ । यस विषयमा सम्पदा व्यवस्थापन, हिमालय क्षेत्रको सांस्कृतिक सम्पदा, सांस्कृतिक पर्यटन, पुरातत्व, अभिलेखविज्ञान, पुरालेखन, मुद्राशास्त्र, धर्म, दर्शन, कला र वास्तुकलाजस्ता विविध विषयवस्तुको पठनपाठन हुने हुँदा यसमा विद्यार्थीहरुको अभिरुची बढेको हो । विभागले प्रत्येक वर्ष सम्पन्न गर्ने सम्पदासम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रि गोष्ठि तथा सेमिनारका कारण पनि विभागको ख्याति बढेको तथा यस विषयप्रति विद्यार्थीको चाप बढ्दै गएको छ ।






## विद्यार्थीका लागि छात्रबृत्तिको व्यवस्था

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा एमए, एम्फिल तथा पिएच्डी तहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि विभिन्न संघसंस्थाबाट छात्रबृत्तिको व्यवस्था भएको छ । यस विभागमा हालसम्म निम्नानुसारका छात्रबृत्तिको व्यवस्था छ ।

i. UGC Scholarship: Based on competition
ii. CSRCS Scholarship: For 2 MA students
iii. MOTCACA Scholarship: 3 (2 MA and 1 PhD) for thesis writing
iv. Municipalities Scholarship: Based on fund and quota provided by respective municipalities
v. APHENICH Fellowship (For international Seminar)
vi. Balkrishna Risal Prize (For best dissertation)
vii. Free tuition fee for 15% talented students.

## विभागको वृत्तचित्र निर्माण

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा वि.सं.२०८० सालमा स्नातकोत्तर तह दोस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुले विभागको उन्नयन र प्रचारका लागि विभागका गतिविध र यहाँ पठनपाठन हुने विषय तथा त्यसको सान्दर्भिकता र महत्वका बारेमा वृत्तचित्र निर्माण गरी विभागलाई हस्तान्तरण गरेका छन् । उक्त वृत्तचित्रले विभागको पब्लिकसँगको सम्पर्क र प्रचारमा सहयोग पुगेको छ । उत्त वृत्तचित्र विभागको वेभसाईट र फेसवुक पेजमा राखिएका छन् ।







सम्पादकः प्रा.डा. सोमप्रसाद खतिवडा, विभागीय प्रमुख
इमेलः head@cdnhca.tu.edu.np, फोनः ०१४३३१९७६